पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-०६
मिति :- २०८२/०४/०२

श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप ।
श्री जिल्ला हुलाक कार्यालय, मन्थली रामेछाप ।

**बिषय : सूचनाको हक सम्बन्धि सार्वजनिक सूचना विवरण पठाईएको बारे ।**

प्रस्तुत बिषयमा यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मिति २०८२/०१/०१ देखि २०८२ असार मसान्त सम्म सम्पादन गरेको काम कारवाही अनुसारको विवरण सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरी सोको विवरण यसै पत्र साथ संलग्न राखि जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/०४/०२

.................
दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०४/०२

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) / सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

**(मिति २०८२/०१/०१ देखि २०८२ असार मसान्त सम्मको विवरण)**

### १. गाउँपालिकाको स्वरूप र प्रकृति :

गोकुलगंगा गाउँपालिका बि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भई बिभिन्न समयमा जारी भएका कानून बमोजिम तोकिएको कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रबाह गर्दै आएको छ । नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित गाउँपालिका हो ।

### २. गाउँपालिकाको काम, कर्तव्य र अधिकार :

यस गाउँपालिका नेपालको संबिधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तब्य र अधिकार निर्दिष्ट छ ।

### ३. गाउँपालिकामा रहने कर्मचारी विवरण :

यस गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीहरुको सेवा समुह तह समेतको बिस्तृत विवरण र गाउँपालिकाको संगठन संरचना समेत गाउँ सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भईरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत राखिएको छ ।

### ४. गाउँपालिकाबाट प्रदान गरिने सेवा :

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस गाउँपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा प्रवाह तथा सुविधाहरु प्रदान गरिएको छ ।



**Website :** www.gokulgangamun.gov.np | **Email :** info@gokulgangamun.gov.np | **Phone No. :** 9854043640

CamScanner

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवा सुबिधा प्रबाह गर्न बिषयगत शाखाहरु, ६ वटा वडा कार्यालयहरु, ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वस्थ केन्द्र, १ वटा अस्पताल रहेका छन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुनुवाई अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण गाउँपालिकाको www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुबिधामा लाग्ने शुल्क एबं कार्यमा लाग्ने समयावधी बिबरण गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, सार्वजनिक सेवा वडापत्र समेतबाट निर्धारण गरिएको छ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघिय, बागमती प्रदेश कानुन र स्थानीय (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त गाउँ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पस्ट तोकिएको छ । गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, बिषयगत समिति तथा अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८. गुनासो सुन्ने अधिकारी/निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस गाउँपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाको शिक्षा अधिकृत श्री नरेन्द्र सिंह भण्डारीलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा(प्रचलित कानूनले व्यवस्था गरे बमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ।



CamScanner

९. सम्पादन गरेको कामको विवरण :

यस गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, बागमती प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने कार्यहरु गर्दै आईरहेको छ । सोको अलवा बिशेष कार्यहरु निम्नानुसार रहेका छन् ।

**१. पुर्वाधार विकास तर्फ :**

- गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार ठेक्का पट्टा प्रक्रियाबाट ९ वटा र उपभोक्ता समिति मार्फत २५४ वटा आयोजना / कार्यक्रमहरु गरि जम्मा २६४ वटा आयोजना/कार्यक्रमहरु संचालनमा रहेकोमा गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य क्रमागतरुपमा संचालनमा रहेकोछ । ठेक्का प्रक्रियाबाट हुने बाँकी ८ ओटा निर्माण कार्यहरु मध्ये जन जागृत मा.बि. को भवन बाहेक सबै ठेक्का प्रक्रियाबाट भएका आयोजनाहरुको ठेक्का लागेर सम्झौता भई निर्माण कार्य सम्पन्न गरि भुक्तानी समेत सम्पन्न भएको छ । उपभोक्ता समिति मार्फत हुने २५५ वटा आयोजना / कार्यक्रमहरु मध्ये २५० ओटा आयोजनाको सम्झौता सम्पन्न भएकोमा २४४ ओटा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरि भुक्तानी समेत भैसकेको छ भने वडा नम्बर २ ठोसेको <u>दागरदिगर झुलेपानी सडक कटिङ/सोलिङ/ग्याबिन</u>, वडा नम्बर ४ बेतालिको <u>लामाटार खोलेखेत सडक निर्माण वार्ड नं ४</u>, वडा नम्बर ५ नामाडीको <u>काल ढुङ्गा भिरकुना कृषि सडक निर्माण, आरुबोटे रुमटी सिम्ले कृषि सडक, लट्टेश्वर मन्दिर निर्माण र कोटाको सिम मन्दिर निर्माण</u> को सम्झौता भएरपनि निर्माण कार्य भएको छैन । आ.व.२०८१/०८२ मा बिनियोजन भएको आयोजनाहरु मध्ये ९८.१० प्रतिशत आयोजना हरुको सम्झौता सम्पन्न भएको मा सम्झौता भए बमोजिम ९७.६७ प्रतिशत आयोजनाहरुको कार्य सम्पन्न भएको छ । चैत्र मसान्त देखि असार २५ सम्ममा मात्र ८९.१७ प्रतिशत आयोजना/कार्यक्रमको कार्य सम्पन्न गरि भुक्तानी सम्पन्न भएको हो ।

**२. आर्थिक विकास तर्फ :**

गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि रु. ५१,१८,०१,५०० (एकाउन्न करोड अठार लाख एक हजार पाँच सय एकाउन्न रुपैया) संसोधन सहित कुल आम्दानी र सोही बमोजिम खर्च गरी बजेट बिनियोजन भएकोमा कुल



CamScanner

विनियोजन मध्ये चालू तर्फ रु. ३३,७५,१५,५०० (तेत्तिस करोड पचहत्तर लाख पन्ध्र हजार पाँचस सय रुपैया) र पूजीगत खर्च तर्फ रु. १७,४२,८६,००० (सत्र करोड बयालिस लाख छयासी हजार रुपैयाँ) विनियोजन भएको थियो। गाउँपालिकाको त्रैमासिक आम्दानी र खर्चको विवरणका साथै हाल कार्यान्वयनमा रहेको बजेटको विविध क्षेत्रसँग सम्बन्धित प्रगति समिक्षा देहायबमोजिम प्रस्तुत गरिएको छ।

## १. आम्दानी प्रतिवेदन

गोकुलगंगा गाउँपालिकाको आ.व. २०८१/८२ को लागि कुल रू. ५१,१८,०१,५०० (एकाउन्न करोड अठार लाख एक हजार पाँच सय एकाउन्न रुपैया) आय अनुमान गरेको थियो जसमध्ये विभिन्न श्रोतबाट आम्वानी हुने प्रक्षेपण गरिएको थियो। आम्वानीका श्रोत, आय अनुमान र २०८२ बैशाख देखि असार मसान्तसम्म प्राप्त आम्दानीको प्रतिवेदन तालिका नं १ मा देखाइएको छ।

तालिका नं १


आ.व. : २०८१/८२ अवधी : २०८२/०१/०१-२०८२/०३/३२

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ३१,४९,१७,०००.०० | ६,५०,७९,६५१.२२ | २०.६७ | २४,९८,३७,३४८.७८ |
| १३३११ समानिकरण अनुदान | ११,७६,००,०००.०० | २,४३,११,६८०.०० | २०.६८ | ९,३२,८८,३२०.०० |
| १३३१२ सशर्त अनुदान चालु | १८,८८,१७,०००.०० | ३,४६,७७,३५३.९७ | १८.३७ | १५,४१,३९,६४६.०३ |
| १३३१३ सशर्त अनुदान पुँजीगत | २५,००,०००.०० | ८३,३११.२० | ३.३३ | २४,१६,६८८.८० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ५९,९९,३०६.०५ | ९९.९९ | ६९३.९५ |
| प्रदेश सरकार | ५,२३,२२,०००.०० | ८८,९०,७५६.१२ | १६.९८ | ४,३४,३१,२४३.८८ |
| १३३११ समानिकरण अनुदान | १,२०,७४,०००.०० | ३०,१८,५००.०० | २५ | ९०,५५,५००.०० |
| १३३१२ सशर्त अनुदान चालु | ७०,८८,०००.०० | (५,४०,८६०.००) | -७.६३ | ७६,२८,८६०.०० |
| १३३१३ सशर्त अनुदान पुँजीगत | ८१,६०,०००.०० | ८,३९,५३४.०१ | १०.२९ | ७३,२०,४६५.९९ |
| १३३१४ विशेष अनुदान चालु | ५०,००,०००.०० | १,३५,४८८.५३ | २.७१ | ४८,६४,५११.४७ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | ५४,३८,०९३.५८ | २७.१९ | १,४५,६१,९०६.४२ |
| राजस्व बाँडफाँड | १२,०७,८१,१५०.०० | ३,५५,८३,३५०.१७ | २९.४६ | ८,५१,९७,७९९.८३ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ५,३६,३४४.०० | ५३६३४४०० | (५,३६,३४४.००) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,९८,५४,८६७.०० | १,८३,२९,८०५.८४ | ३६.७७ | ३,१५,२५,०६१.१६ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,४६,३१,१८२.०० | ७२,८६,२०१.५१ | २९.५८ | १,७३,४४,९८०.४९ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,२७,८१,१५०.०० | ६४,१७,९४३.६५ | १९.५७ | २,६३,६३,२०६.३५ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ५,०८१.०० | ०.०० | ० | ५,०८१.०० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १,०९,०८,१५७.०० | ०.०० | ० | १,०९,०८,१५७.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | २६,००,०००.०० | ३०,१३,०५५.१७ | ११५.८९ | (४,१३,०५५.१७) |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ७९३.०० | ०.०० | ० | ७९३.०० |
| अन्तरिक श्रोत | २,३७,८१,३५०.०० | (२,११,१२,११४.९३) | -८८.७८ | ४,४८,९३,४६४.९३ |
| ११३१४ भुमिकर/मालपोत | ८,००,०००.०० | ९९,५७३.७० | १२.४५ | ७,००,४२६.३० |
| ११३१७ बहाल कर | ५,००,०००.०० | २,५२,४५९.४८ | ५०.४९ | २,४७,५४०.५२ |
| ११३१८ बहाल बिटौरी कर | ३,००,०००.०० | १५,२००.०० | ५.०७ | २,८४,८००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | २,०००.०० | ०.४ | ४,९८,०००.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | २०,००,०००.०० | ४,६८,२४५.०० | २३.४१ | १५,३१,७५५.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १०,००,०००.०० | ३,२९,६१०.०० | ३२.९६ | ६,७०,३९०.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,०००.०० | ४६,२४९.०४ | ४६.२५ | ५३,७५०.९६ |
| १४२४३ सिफारिश दस्तुर | ८,००,०००.०० | २,८२,१००.०० | ३५.२६ | ५,१७,९००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५८,८१,३५०.०० | १,१९,८००.०० | २.०४ | ५७,६१,५५०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,५०,०००.०० | २७,५००.०० | १८.३२ | १,२२,५००.०० |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | १,५९,६७८.३० | ३१.९४ | ३,४०,३२१.७० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ८५,०००.०० | १७ | ४,१५,०००.०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०,०००.०० | १४,५००.०० | २९ | ३५,५००.०० |
| ३२१२१ नगद | ०.०० | ०.०० | ० | ०.०० |
| ३२१२२ बैंक मौज्दात | १,०५,००,०००.०० | (२,३०,१४,०३०.४५) | -२१९.१८ | ३,३५,१४,०३०.४५ |
| जम्मा | ५१,१८,०१,५००.०० | ८,८४,४१,६४२.५८ | १७.२८ | ४२,३३,५९,८५७.४२ |

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०४/०२

स्रोतअनुसारको आय अनुमान आ.व. २०८१/८२




## २. खर्च प्रतिवेदन

गोकुलगंगा गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन गरेको कुल बजेट मध्ये वैशाख वेखि असार मसान्त सम्म कुल विनियोजित चालू बजेट रु. ३३,७४,६७,५०० मध्ये २९.५४ प्रतिशत अर्थात रु. ९९६८८१०२.७७ खर्च भएको छ भने पूजीगत तर्फ कुल विनियोजित बजेट रु. १७,४२,८६,००० मध्ये ६२.३२ प्रतिशत अर्थात रु. १०८६११९९६.९६ खर्च भएको छ।समग्रमा गोकुलगंगा गाउँपालिकाले विनियोजन गरेको बार्षिक बजेट रु. ५१,१८,०१,५०० मध्ये ४०.६९ प्रतिशत अर्थात रु. ३०३५०१४००.२७ हालसम्म खर्च भएको देखिन्छ।


# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३


चलानी नं. :-

मिति :- २०८२/०४/०२

### बार्षिक बजेट आ.व. २०८१/८२



**खर्चको विवरण २०८२ बैशाख देखि असार मसान्तसम्म आ.व. २०८१/८२**




## ३. क्षेत्रगत बजेट तथा खर्च


आर्थिक वर्ष २०८१/८२ का लागि गोकुलगंगा गाउँपालिकाले आर्थिक विकास तर्फ रु. ३,८१,१९,००० विनियोजन गरेकोमा २०८२ बैशाख देखि असार मसान्त सम्म ६६.०१ प्रतिशत अर्थात रु. २५१६३४९३.५१ खर्च भएको छ त्यस्तै सामाजिक विकास तर्फ विनियोजित रु. २०,९०,९८,००० मध्ये ३१.६२ प्रतिशत अर्थात रु. ६६१०९००९.६६ खर्च भएको छ। पूर्वाधार विकास तर्फ रु. १३,०९,२६,००० विनियोजित रकम मध्ये रु. ७७१५७००९.५१ खर्च भएको छ जुन कुल विनियोजित रकममध्ये ५२.२४ प्रतिशत हुन आउँछ। सुशासन तथा अन्तरसम्बन्धित अन्तर्गतका वातावरण, विपत, श्रम रोजगारी, शान्ति सुव्यवस्थामा कुल विनियोजित रु. २,०७,०८,००० मध्ये ५२.२४ अर्थात रु. १०८१७६२३.२९ खर्च भएको छ र कार्यालय तथा प्रशासनिकमा रु. ११,२९,५०,५०० विनियोजन भएकोमा २०८२ बैशाख देखि असार मसान्त सम्म रु. २९०५२९६३.७६ खर्च भएको छ।



CamScanner

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

## क्षेत्रगत बजेट बिनियोजन







CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०४/०२

## क्षेत्रगत खर्च २०८२ बैशाख देखि असार मसान्तसम्म आर्थिक वर्ष २०८१/८२







CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०४/०२

## क्षेत्रगत खर्च आर्थिक वर्ष २०८१/८२




३. **योजना तथा अनुगमन तर्फ :**

- उपभोक्ता आ.व.२०८१/०८२ मा बिनियोजन भएको आयोजनाहरु मध्ये ९८.१० प्रतिशत आयोजना हरुको सम्झौता सम्पन्न भएको मा सम्झौता भए बमोजिम ९७.६७ प्रतिशत आयोजनाहरुको कार्य सम्पन्न भएको छ । चैत्र मसान्त देखि असार २५ सम्ममा मात्र ८९.१७ प्रतिशत आयोजना/कार्यक्रमको कार्य सम्पन्न गरि भुक्तानी सम्पन्न भएको हो।



CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८२/०४/०२

४. **सामान्य प्रशासन तर्फ :**

- गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा रिक्त दरबन्दी अनुसार बागमती लोक सेवा आयोगमा कर्मचारी माग भएको।
- गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुको सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन प्रत्येक महिनामा हुने कर्मचारी बैठकमा समिक्षा भएको ।

५. **रोजगार सेवा केन्द्र तर्फ :**

- २१ ओटा आयोजनाहरु मध्ये २१ वटै आयोजनाको सम्झौताभई भुक्तानी सम्पन्न भएको।
- प्रधानमंन्त्री रोजगार कार्यक्रमको आ.व ०८२/०८३ को लागी जम्मा महिला ९१९ र पुरुष १०१५ गरी जम्मा १९३४ जना व्यक्तिहरु लाई नविकरण गरिएको छ ।

६. **कृषि तथा पशु पन्छी विकास तर्फ :**

- आ.व २०८१/८२ मा संचालित गाउँपालिकाबाट वितरण भएको हाते ट्रयाक्टर मर्मत कार्यक्रमबाट प्रत्येक वडाबाट २/२ जनागरी जम्म १२ जनालाई तालिम दिएर ट्रयाक्टर मर्मत गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको छ।
- किवि बगैचामा Kiwi Fruit Thinning , Grading, Training, pruning मा तालिम ८२ जना कृषकहरु सहभागी बगैंचा सुदृढीकरण सम्वन्धी शैद्धान्तिक तथा व्यवहारिक ज्ञान सिप सिक्न सहभागीता रहेको थियो ।
- वडा नं १ देखि ६ सम्म १९ वटा कोदो, गहुँ, धानको लागि मल्टी क्रप थ्रेसर वितरण भएको।
- चौरी प्रवद्र्धन कार्यक्रमा १० वटा चौरी खरिद, ४ वटा क्रिम सेपरेट्र र खर्क सुधार भएको ।
- आ.व. २०८१÷०८२ को गाई÷भैसी पकेट विस्तार कार्यक्रमको अन्तरगत २२ गाई खरिद, ८ वटा चाफ कट्र र २१वटा गाई म्याट खरिद भएको ।

७. **पंजीकरण तर्फ :**

- आर्थिक वर्ष २०८१/२८२ को चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि सूचिकृत भएका शत प्रतिशत भ्यालिड गरी निजहरुको चौथो त्रैमासिक वापतको सामाजिक सुरक्षा भत्ता रकम रु २७,८४१,१९९।-( सम्बन्धित लाभग्राहीको व्यक्तिगत बैंक खातामा विद्यूतीय भुक्तानी मार्फत जम्मा गरेको ।



CamScanner

८. **सूचना प्रबिधि तर्फ :**

- गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर तथा गाउँ डिजिटल प्रोफाइल निर्माण तथा अध्यावधिक र मेट्रिक हाउस नम्बरिंग सिस्टम कार्यक्रम सम्पन्नको चरणमा रहेको ।

९. **उद्यम विकास तथा ब्यबसाय दर्ता शाखा तर्फ :**

- गाउँपालिका वडा नं ४ वेतालीमा मौरीपालन सम्वन्धी सीप विकास तालिम लिएका १७ जना सहभागीहरुलाई प्रविधि सहयोग कार्यक्रम अन्तगत मौरीको घार वितरण सम्पन्न गरिएको छ ।
- गोकुलगंगा गाउँपालिका वडा नं ६ फर्पूमा १ हप्ते मौसमी तथा वेमौसमी तरकारी खेती तालिम सम्पन्न गरियो साथै उक्त तालिम लिएका १८ जना उद्यमीहरुलाई प्रविधि सहयोग कार्यक्रम अन्तगत पलास्टिक टनेल वितरण गरियो ।
- वडा नं ५ नामाडीमा स्तररोन्ती तर्फ गत वर्ष गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेडेपा वाट गत वर्ष वेमौसमी तरकारी खेती तालिम लिएका उद्यमीहरुको आवाश्यकता,माग तथा समस्याको वारेमा छलफल गरि माग संकलन गरियो । र मागको आधारमा १७ जना उद्यमीहरुलाई पलास्टिक टनेल वितरण गरियो।
- वडा नं ५ नामाडीमा कोसेली घर(साझा सुविधा केन्द्र)निमार्ण कार्य सम्पन्न गरियो।
- वडा नं ४ वेताली र वडा नं ६ फर्पूमा लघु उद्यमीहरुका लागी लघु वित्तमा पहुच तथा वजारीकरण सम्वन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । जसमा वित्तिय सेवा प्रवाह गर्ने संघ सस्था तथा सहकारी संग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।

१०. **शिक्षा तथा सामाजिक विकास तर्फ :**

- गोकुलगंगा गाउँपालिका अन्तर्गत बिद्यालयहरु कार्यरत स्थायी शिक्षक तलबी प्रतिबेदन तयार गरी प्रमाणीकरणको लागि राष्ट्रिय शिक्षक किताब खाना पठाईएको ।
- शिक्षा तथा मानब स्रोत विकास केन्द्रबाट प्रदान गरिने बिपन्न लक्षित छात्रवृत्तिको लागि यस पालिका अन्तर्गतका बिद्यालयबाट छनौट भएका कक्षा ६ र ९ मा अध्ययनरत बिधार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको ।
- गोकुलगंगा गाउँपालिका अन्तर्गत बिद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८१ को कार्य सम्पादन मुल्यांकन आरी शिक्षा विकास तथा समन्वय इकाई मन्थलीमा पठाईएको।



CamScanner

- गोकुलगंगा गाउँपालिका अन्तर्गतका बिद्यालयहरुमा कार्यरत आधारभूत र माध्यमिक बिद्यालयका शिक्षकको लागि ५ दिने सूचना प्रबिधि सम्बन्धि क्षमता विकास तालिम संचालन गरेको ।
- शैक्षिक सत्र २०८१ को वार्षिक परिक्षामा उत्कृस्ट नतिजा ल्याउने कक्षा ५ र ८ का बिधार्थी, शिक्षक र बिद्यालयलाई सम्मान गरिएको ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

कार्यालय प्रमुखको नाम : दिनेश भट्टराई

पद : प्रमुख प्रशासकीय अधिकृत

ईमेल ठेगाना : info@gokulgangamun.gov.np

सम्पर्क नं. : ९८५४०४३६४०

सूचना अधिकारीको नाम : संजय कुमार सुनुवार

पद : सूचना प्रबिधि अधिकृत

इमेल ठेगाना : ito.gokulgangamun@gmail.com

सम्पर्क नं. : ९८६३०२३०१८

## ११. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सुची :

गोकुलगंगा गाउँपालिकासंग सम्बन्धित संघीय र बागमती प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुनी प्रबन्धहरुको बिस्तृत दस्ताबेज र सुची गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

## १२. तोकिए बमोजिम अन्य विवरणहरु :

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।



CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८२/०४/०२

१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस गाउँपालिकासंग सम्बन्धित सन्क्षिप्त विवरण एवं सूचनाहरुको जानकारीको लागि गोकुलगंगा गाउँपालिकाको वेबसाइट तथा फेसबुक @gokulgangamun.rasnalu समेत संचालन गरी सूचन प्रकाशन तथा जानकारी गराउने गरेको छ ।

१४. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :

नेपाल सरकार, बागमती प्रदेश सरकारबाट अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि भए गरेका सोको बिस्तृत विवरण गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिने छ ।

१५. सार्वजनिक निकायको बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

यस गाउँपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्यांक एवं आवश्यक दस्ताबेजहरुको वर्गीकरण गरी त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, नियमावली अनुसार सुरक्षित राख्ने गरिएको छ ।

१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिएको विवरण :

यस अवधिमा गाउँपालिकामा नियमानुसार सूचना माग सम्बन्धि निबेदन प्राप्त नभएको ।

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको तथा स्थानीय स्तरको दैनिक पत्र पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमा राख्ने गरिएको छ ।

सूचना अधिकारी
संजय कुमार सुनुवार
गोकुलगंगा गाउँपालिका, रस्नालु रामेछाप